अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८२।०३।०१गते।

प्रेस विज्ञप्ति

विषय:जिल्ला बाँके, सावित्रक नरैनापुर गाउँ विकास समितिको कार्यालयका तत्कालीन अध्यक्ष अजय कुमार श्रीवास्तवसमेत १७ जना उपर सार्वजनिक सम्पत्ति हिनामिना हानिनोक्सानी गरी गराई भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर।

जिल्ला बाँके, नरैनापुर गाउँ विकास समिति बाँकेमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा गा.वि.स. सचिव र मुखियाले मिलेमतो गरी नियम विपरित भत्ता वितरण एवं लिने खाने गरेको भन्नेसमेत व्यहोराको उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा सावित्रक नरैनापुर गाउँ विकास समितिले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा आ.व.२०५७/०५८ देखि २०७२/०७३ सम्म सामाजिक सुरक्षा भत्ता पाउन उमेर नपुगेका १९ जना व्यक्तिहरुलाई नागरिकतामा उल्लेखित जन्ममिति र नागरिकता जारी मिति अन्देखा गरी ज्येष्ठ नागरिक तथा दलित ज्येष्ठ नागरिकको रुपमा, नागरिकताको प्रमाणपत्र नभएको व्यक्तिलाई एकल महिलाको रुपमा र भारतमा विवाह गरी गएका महिलालाई एकल महिलाको रुपमा तत्कालीन सचिव र अध्यक्षले सामाजिक सुरक्षा लाभग्राही परिचयपत्र जारी गराई सामाजिक सुरक्षा भत्ता वितरण गरी रु.६,५६,७००।— हिनामिना हानिनोक्सानी गरेको पुष्टि भएकोले उक्त कार्यमा संलग्न देहाय बमोजिमका प्रतिवादीहरु उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

साथै, पाटेश्वरी सिंह ठाकुर, मुज्फर खाँ, राम सुमझ कुर्मी, जलील खाँ र राम सेवक कूर्मीसमेतको मृत्यु भइसकेको विवरण प्राप्त भएकोले बिगोको हकमा प्रतिवादी तत्कालीन गा.वि.स. सचिव सावित राम कुर्मीबाट असुल उपर हुन मागदाबीसमेत लिइएको छ।

देहाय

सि.नं.	नामथर, पद र कार्यालय	बिगो रु.	कसुर तथा सजायको मागदाबी
१.	सावित्रक नरैनापुर गाउँ विकास समितिको कार्यालयका तत्कालीन अध्यक्ष **अजय कुमार श्रीवास्तव**	रु.६३,६००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको हुँदा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै, सामाजिक सुरक्षा भत्ता (ज्येष्ठ नागरिक) लाभग्राही परिचयपत्रको गलत लिखत

			तयार गरी गराई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम सजाय हुन मागदावी लिइएको छ।
२.	साविक नरैनापुर गाउँ विकास समितिको कार्यालयका **सचिव सावित राम कुर्मी**	रु.६,५६,७००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको हुँदा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम विगो असुल उपर हुन साथै, सामाजिक सुरक्षा भत्ता लाभग्राही परिचयपत्रको गलत लिखत तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको हुँदा सोही ऐनको दफा ९ वमोजिम कैद र जरिवना सजाय हुन मागदावी लिइएको छ।
३.	साविक नरैनापुर गाउँ विकास समितिको कार्यालयका सचिव **अशोक कुमार श्रीवास्तव**	रु.५८,२००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको हुँदा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ वमोजिम विगो असुल उपर हुन साथै, सामाजिक सुरक्षा भत्ता (ज्येष्ठ नागरिक) लाभग्राही परिचयपत्रको गलत लिखत तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर गरेको हुँदा सोही ऐनको दफा ९ वमोजिम कैद र जरिवाना सजाय हुन मागदावी लिइएको छ।

४.	सविक नरैनापुर गाउँ विकास समितिको कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बुझी लिने **साहजिमा खातुन, अवधराम बढही, राम जिवन पासी, मनोरानी अहिरनी, रामचन्द्र धोबी, लायसरीफ खाँ, मोमिना पठानीन, हामिया पठानीन, नन्कौ मुराउ, जंगली कडरिया, हरीराम अहिर र बारी खाँ** गरी १२ जना	साहजिमा खातुन रु.३०,०००।-, अवधराम बढही रु.४८,०००।-, राम जिवन पासी रु.३०,०००।-, मनोरानी अहिर रु.३०,०००।-, रामचन्द्र धोबी रु.३०,०००।-, लायसरीफ खाँ रु.३६,०००।-, मोमिना पठानीन रु.३६,०००।-, हामिया पठानीन रु.३०,०००।-, नन्कौ मुराउ रु.४२,०००।-, जंगली कडरिया रु.४२,०००।-, हरीराम अहिर रु.३६,०००।- र बारी खाँ रु.३६,०००।—	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे वमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ख) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम सजाय गरी सोही ऐनको दफा १७ वमोजिम विगो असुल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश वमोजिम मुख्य कसुरदार सरह सजाय गरी बिगो असुल हुन मागदावी लिइएको छ।
५.	सविक नरैनापुर गाउँ विकास समितिको कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बुझी लिने **मोति भुजुवा र सन्तराम बडही** गरी २ जना	मोति भुजुवा रु.६३,६००।-, सन्तराम बडही रु.५८,२००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे वमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ वमोजिम विगो असुल उपर हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश वमोजिम मुख्य कसुरदार सरह सजाय गरी बिगो असुल हुन मागदावी लिइएको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया